21st August, 2026

National News

मुख्य समाचार-

1. प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा बीसवटा अन्तरिक्ष-सम्बन्धित स्टार्टअपका CEO र संस्थापकहरूसँग गर्नुभयो अन्तरक्रिया

2. गृहमन्त्री अमित शाहले पश्चिम बंगालको सिलिगुडीस्थित सशस्त्र सीमा बल मुख्यालयमा विभिन्न परियोजनाको गर्नुभयो उद्घाटन र शिला...न्यास

3. भारतसँग स्वास्थ्य सेवालाई अगाडि बढाउने अद्भूत अवसर रहेको विज्ञान तथा प्रविधि राज्यमन्त्री डा. जितेन्द्र सिंहको अड़ान

4.केन्द्रीय सञ्चार मन्त्री ज्योति..रा..दित्य सिन्धियाको अध्यक्षतामा पुणेमा १२ औँ ब्रिक्स सञ्चार मन्त्रीहरूको बैठक सम्पन्न

5. मणिपुरको इम्फाल-दिमापुर-गुवाहाटी मार्गमा सार्वजनिक यातायात सेवा पुनः सुरु

1. प्रधानमन्त्री-सीईओ बैठक

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा बीसवटा अन्तरिक्ष-सम्बन्धित स्टार्टअपका CEO र संस्थापकहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले उनीहरूलाई मानिसहरूको जीवन सुधार गर्न अन्तरिक्ष प्रविधिको व्यापक प्रयोग गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले देशको अन्तरिक्ष क्षेत्र विश्वव्यापी प्रतिभा, कम्पनीहरू र लगानीको केन्द्र बन्न सक्ने बताउनुभयो।

उहाँले एउटा इकोसिस्टम र वातावरण सिर्जना गर्ने सुझाव दिनुभयो जहाँ अन्तरिक्षको बारेमा छलफलले भारततर्फ ध्यान आकर्षित गर्छ। अन्तरिक्ष उद्योग र सामाजिक विकासका अन्य क्षेत्रहरू बीचको ठूलो सहकार्यमा जोड दिँदै, प्रधानमन्त्रीले युवाहरूमा अन्तरिक्षमा जिज्ञासा र चासो जगाउन अटल टिंकरिङ ल्याबहरूसँग ठूलो सहकार्यलाई प्रोत्साहित गर्नुभयो। उक्त बैठकमा अन्तरिक्ष क्षेत्रमा काम गर्ने २० वटा स्टार्टअपका संस्थापकहरू उपस्थित थिए।

## 2. पश्चिम बंगाल - अमित शाह

गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालको सिलिगुडीस्थित सशस्त्र सीमा बल (SSB) मुख्यालयमा विभिन्न परियोजनाको उद्घाटन र शिला..न्यास गर्नुभयो। समारोहपछि सैनिकहरूलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो, मुख्यमन्त्रीहरूलाई पहिला SSB को कार्यक्रमहरूमा आमन्त्रित गरिएको थियो, तर उनीहरूले उपस्थित हुन उचित ठानेनन्। उहाँले अझ भन्नुभयो, शु..भेन्दु अधिकारी मुख्यमन्त्री बनेदेखि सीमा सुरक्षाको बारेमा पूर्ण सहयोग प्रदान गरिएको छ।
यसै क्रममा श्री शाहले SSB ले नेपाल र भुटान जस्ता देशहरूसँगको खुला सिमानाको रक्षा गर्ने जिम्मेवारी लिएको छ, जुन सबैभन्दा कठिन कामहरू मध्ये एउटा हो भन्नुभयो। उहाँले सिलिगुडी करिडोरको महत्त्वलाई ध्यानमा राख्दै, केन्द्र सरकारले यस क्षेत्रमा निगरानी बढाएको पनि आवगत गराउनु भयो।

## 3. जितेन्द्र - स्वास्थ्य सेवा

विज्ञान तथा प्रविधि राज्यमन्त्री डा. जितेन्द्र सिंहले प्राविधिक प्रगतिहरू पहुँचयोग्य, कम मूल्य र उच्च गुणस्तर रहेको सुनिश्चित गर्दै आज भारतसँग स्वास्थ्य सेवालाई अगाडि बढाउने अद्भूत अवसर रहेको बताउनु भयो । १८ औँ CII ग्लोबल मेड टेक शिखर सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै डा. सिंहले भन्नुभयो, भारतको चिकित्सा प्रविधि क्षेत्र, जुन अहिले लगभग १२ अर्ब अमेरिकी डलर अनुमान गरिएको छ, यसमा उल्लेखनीय सम्भावना छ।

देशको प्राथमिकता विश्वव्यापी स्वास्थ्य सेवा बजारहरूका लागि प्रविधिहरूको डिजाइन, विकास, निर्माण र निर्यात हुनुपर्ने विषयमाथि श्री सिंहले जोड़ दिनुभयो ।

यसरी नै उहाँले सरकारले अनुसन्धान, विकास र नवप्रवर्तन योजनाका लागि रुपियाँ ₹१ लाख करोडको कोष विनियोजन गरिएको आवगत पनि गराउनु भयो।

4. नयाँ ब्रिक्स सञ्चार मन्त्रीहरू - बैठक

केन्द्रीय सञ्चार मन्त्री ज्योति..रादित्य सिन्धियाको अध्यक्षतामा पुणेमा १२ औँ ब्रिक्स सञ्चार मन्त्रीहरूको बैठक आज सम्पन्न भयो। ब्रिक्स सदस्य देशहरूका सञ्चार मन्त्रीगणलगायत वरिष्ठ प्रतिनिधिहरूले सूचना एवम् सञ्चार प्रविधि, डिजिटल रूपान्तरण, नवप्रवर्तन, र लचिलो डिजिटल पूर्वाधारमा सहयोग सुदृढ पार्ने बारेमा छलफल गरे।
आफ्नो सम्बोधनका क्रममा केन्द्रीय सञ्चार मन्त्रीले पछिलो एक दशकमा उदाउँदो आर्थिक क्षेत्रमा बिक्र्स सहयोगको प्रमुख मञ्च बनेको बताउनुभयो।

5. वैष्णव - MPMS

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्वि..नी वैष्णवले आज मोबाइल फोन निर्माण योजना (MPMS) को सुरुवात गर्नुभयो। केन्द्रीय मन्त्रिपरिषद्ले गत महिना ₹६२,५०० करोडको बजेट विनियोजनसहित यस योजनालाई अनुमोदन गरेको थियो।

नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै श्री वैष्णवले यो योजना १अप्रेल, २०२६ देखि लागू हुने बताउनु भयो। यस योजनाको अवधि पाँच वर्षको हुनेछ। उक्त योजनाले मोबाइल उत्पादन आपूर्ति शृङ्खलालाई सुदृढ पार्ने र घरेलु उत्पादन क्षमताहरू बढाएर विश्वव्यापी प्रतिस्पर्धा बढाउने लक्ष्य राखेको छ।

6. नड्डा-कांग्रेस विरोध प्रदर्शन

केन्द्रीय मन्त्री तथा वरिष्ठ भाजपा नेता जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीको संसद मार्ग प्रहरी चौकी बाहिरा धर्ना गरिरहेका कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीप्रति कटाक्ष गर्नुभयो । पत्रकारहरूसँग कुरा गर्दै श्री नड्डाले यो विरोध प्रदर्शन न त विद्यार्थीहरूका हितमा छ न त न्यायका लागि भन्नुभयो।

यसले कांग्रेस पार्टीको राजनीतिक हताशा र मिडिया हेडलाइनका लागि राहुल गान्धीको चाहनालाई प्रतिबिम्बित गर्दछ भन्दै उहाँले आरोप लगाउनु भयो।

## 7. ब्रिक्स - युवा मामिला तथा खेलकुद

भारतले आन्ध्र प्रदेशको विशाखापट्टनममा ब्रिक्स युवा मन्त्रीहरूको बैठक र ब्रिक्स खेलकुद मन्त्रीहरूको बैठक आयोजना गरिरहेको छ। ब्रिक्स युवा मन्त्रीहरूको बैठक भोलि हुनेछ भने ब्रिक्स खेलकुद मन्त्रीहरूको बैठक आगामी 23 अगस्तका दिन हुनेछ। बैठकको अध्यक्षता युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडवीयले गर्नुहुनेछ र युवा मामिला तथा खेलकुद राज्यमन्त्री रक्षा खड्सेले कार्यवाहीमा भाग लिनुहुनेछ।

ब्रिक्स युवा मन्त्रीहरूको बैठकमा ११ ब्रिक्स सदस्य देशहरूका खेलकुद मन्त्रीहरू लगायत र प्रतिनिधिमण्डलका प्रमुखहरू सहभागी हुने छन्।

## 8. मणिपुर - सार्वजनिक सेवाहरू

मणिपुरको इम्फाल-दिमापुर-गुवाहाटी मार्गमा लगभग तीन वर्षको अन्तराल पछि सार्वजनिक यातायात सेवाहरू पुनः सुरु भएको छ। यो कदम राज्यमा सामान्यता र सम्पर्क पुनर्स्थापित गर्ने दिशामा एउटा प्रमुख प्रयास हो।
राष्ट्रिय राजमार्ग २ मा दुईवटा बस र पाँचवटा टेम्पोमा कुल १२५ जना यात्रीले यात्रा गरे।

## 9. सरकार - प्रत्यक्ष विदेशी लगानी

सरकारले संशोधित व्यवस्था अन्तर्गत २९ वटा प्रत्यक्ष विदेशी लगानी (FDI) को सूचना प्राप्त भएको जनाएको छ। यसमा रूपियाँ ₹४,८०० करोडभन्दा बढीको प्रस्तावित लगानी समावेश छ। यी लगानीहरू सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, सूचना तथा सञ्चार, निर्माण, औषधि, डेटा केन्द्र, र यातायात सेवाहरू सहित विभिन्न क्षेत्रहरूसँग सम्बन्धित छन्।

वाणिज्य तथा उद्योग मन्त्रालयले यी २९ वटा लगानी मौरिसस, संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया, जापान, सिंगापुर, लक्जमबर्ग र केम्यान टापुहरू सहित विभिन्न क्षेत्राधिकारमा अवस्थित लगानीकर्ताहरूले रिपोर्ट गरेको बताएको छ।

10. हक्की - FIH विश्वकप

हकीमा, भारतीय महिला टोलीले आज एमस्टेल..भिनमा FIH विश्वकपको दोस्रो पूल चरणको पहिलो खेलमा नेदरल्याण्ड्सको सामना गर्नेछ। खेल भारतीय समय अनुसार आज राति ९:३० बजे सुरु हुनेछ।

यसअघि, हिजो पूल डीको आफ्नो अन्तिम खेलमा इङ्गल्याण्डसँग गोलरहित बराबरी खेलेपछि भारत दोस्रो चरणमा प्रवेश गरेको थियो। दुवै टोलीले अवसर सिर्जना गरे तर गोल गर्न असफल भए।